आज मिति २०८२ चैत्र ६ गते सुक्रबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८२/०८३ को बैठक बसि निम्नानुसारको निर्णय गरियो:

उपस्थिति:

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | चित्र |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री विकेन पौडेल | सचिव | |

**<u>आमन्त्रित</u>**

राज कुमार खत्री- लेखा अधिकृत।

गोबिन्द बस्नेत- जिन्सी शाखा।

कल्यान भुजेल- कार्यालय सहयोगी।

प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. प्रदेश समपुरक अनुदान माग गर्ने सम्बन्धमा।
३. पाँच सय्या अस्पतालको चौथो रनिङ बिल भुक्तानी सम्बन्धमा।
४. करार शिक्षक सम्बन्धमा।
५. एस.एल.सी. सञ्चालनका लागी फर्निचर निर्माण सम्बन्धमा।
६. गाडी मर्मतको भुक्तानी सम्बन्धमा।
७. केन्द्रिय प्रशारण लाइन विस्तार सम्बन्धमा।
८. विविध

निर्णयहरुः

१. प्रस्ताव नं १ माथी छलफल गर्दा अघिल्लो कार्यपालिकामा भएका निर्णयहरुको कार्यान्वयन नभएका विषयहरु यथासिघ्र सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिइयो।

२. प्रस्ताव नं २ माथी छलफल गर्दा कोशी प्रदेश, विराटनगरबाट समपुरक अनुदान माग भइ आएकोमा कोशी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अधिनमा रहि तपशिलको योजना माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।
   - चौलाखर्क स्थित तीन नं वडा कार्यालय भवन।
   - चण्डीथान-वंशेखर्क सडक स्तरोन्नति
   - वडा नं २ स्थित मैली बुद्ध मा.बि. हुदैं काफ्लेचौर सडक स्तरोन्नति

३. लिखु पिके गाउँपालिकामा निर्माणाधिन पाँच सय्या आधारभूत अस्पतालको चौथो रनिङ बिलमा कूल एक करोड बहत्तर लाख बाउन्न हजार चालिस रुपैंया भुक्तानीका लागी निबेदन पेश गरेकोमा अनुगमन समितिको संयोजक सहित अनुगमन समितिबाट अनुगमन भई प्राबिधिकबाट जारी भएको प्राविधिक प्रतिवेदन समेतका आधारमा लागत अनुमान बमोजिम काम भएको पाइएकोले संघीय सरकारबाट आएको रू १ कोरड चार लाख भुक्तानी गर्न कार्यपालिकामा पेश भएकोमा सो रनिङ बिल बमोजिमको भूक्तानी गर्न मनासिब देखिएकोले कार्यालयलाई भूक्तानी गर्न निर्देशन दिइयो साथै

काम निर्धारित समयमै सम्पन्न गर्न निर्माण व्यवसायीलाई पत्रचार गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

४. गाउँपालिकाको वार्षिक बजेट बमोजिम करारमा कार्यरत शिक्षकको मिति २०८२\१२\३० गते सम्म करार सम्झौता रहेकोमा सो करार सम्झौता बमोजिम शैक्षिक सत्र सम्पन्न भएकोले करार सम्झौता नविकरण नगर्ने निर्णय सर्वसम्मतले पारित गरियो। साथै, शिक्षा शाखाबाट सम्पन्न विद्यालय समायोजन, शिक्षक सरुवा तथा दरबन्दी मिलान कार्यदल प्रतिवेदन, २०८२ बमोजिम अतिआवश्यक रहेकोका विद्यालयमा करारमा कर्मचारीपूर्तिका लागि नयाँ बिज्ञापंन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस वर्षको एस.एल.सी सञ्चालन गर्नका लागी विद्यालय छनौट भएकोमा उक्त विद्यालयमा फर्निचरको अभाव रहेकोले लागत अनुमान तयार गरी आवश्यक फर्निचर परिपूर्ति गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा  एम भि दुग्गड, नेपाल विद्युत प्राधिकरणको मन्थली शाखा कार्यालय तथा गाउँपालिकाबिच उमाकुण्ड गाउँपालिकाको वडा नं २ बाम्ती भण्डार सब-स्टेशनदेखी लिखु पिके गाउँपालिका वडा नं ३ खासेलसम्म बिद्युत केन्द्रीय लाईन विस्तार गर्नका लागी आवश्यक छलफल गर्नका लागी सम्बन्धित कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो।

७. विविध

   क. एस.ई.ई. परिक्षामा सहभागी विद्यार्थीलाई प्रोत्साहित गर्नका लागि प्रत्येक विद्यार्थीलाई सैक्षिक सामाग्री वितरण गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

   ख. गाउँपालिकाको हिउँदे सभा मिति २०८२\१२\११ गते बुधबारका दिन बिहान १०:०० बजे बस्ने निर्णय सर्वसम्मतले पारित गरियो।